का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ पुस २०७९,
बुधबार
21 December 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कम्युनिस्टमा निर्विरोध, कांग्रेसमा चुनाव





*संसदीय दलको नेतामा उम्मेदवारी दर्ता गर्दै सभापति देउवा र महामन्त्री थापा (बायाँ) र निर्विरोध नेता भएपछि एमाले अध्यक्ष ओली दायाँ ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दलको नेतामा सभापति रवि लामिछाने र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन पनि दलको नेतामा सर्वसम्मत चयन भएका छन् । तर, यी दुई दल कम्युनिस्ट पार्टी भने होइनन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ पुस ।

नयाँ जनादेश अनुसार राजनीतिक दलहरुले सरकार गठनको गृहकार्य गरिरहेका छन् । त्यसका लागि दलहरू संसदीय दलको नेता चयनमा केन्द्रित भएका छन् । संसदीय दलको नेता चयनमा कांग्रेस र कम्युनिस्ट पार्टीमा संसदीय दलको नेता चयनमा भने फरक-फरक दृष्य देखा परेका छन् ।

प्रतिनिधिसभामा ७८ सिट जितेर दोस्रो ठूलो दल भएको नेकपा एमालेको संसदीय दलको नेतामा अध्यक्ष केपी शर्मा ओली निर्विरोध चयन भए । उनलाई टक्कर दिने कोही तयार भएन । मंगलबार बसेको संसदीय दलको बैठकले ओलीलाई निर्विरोध दलको नेता चयन गर्नुलाई स्वमं एमालेका नेताहरु जनवादी केन्द्रीयतासँग जोड्छन् ।

पार्टी अध्यक्ष र संसदीय दलको नेता फरक-फरक हुँदा पार्टीको आन्तरिक शक्ति सन्तुलन बिग्रने भएकाले पनि एमालेका ओलीको विकल्प देखा नपरेको उनीहरुको तर्क छ । अझ चुनावमा 'मंसिर ४ ओली सरकारको नारा' दिइएको थियो । संसदीय दलको नेता प्रधानमन्त्री हुने सामान्य बुझाइले पनि ओलीको विकल्पमा कोही खडा नभएको उनीहरुको भनाइ छ ।

नेकपा माओवादी केन्द्रले प्रतिनिधिसभा सदस्यहरुको शपथ पछि संसदीय दलको नेता चयन गर्ने भनेको छ । प्रतिनिधिसभा सदस्यहरुको शपथ बिहीबार दिउँसो १ बजेलाई तय भएको छ । ३२ सिट सहित तेस्रो ठूलो दलको रुपमा रहेको माओवादीमा अध्यक्ष प्रचण्डलाई संसदीय दलको नेतामा टक्कर दिने कोही छेनन् । माओवादीमा प्रचण्डको नेतृत्व एकछत्र झण्डै चार दशकदेखि छ । जनवादी केन्द्रीयताको अभ्यास माओवादीले अझ बढ्ता रुपमा गर्दै आएको छ । नेकपा

– बाँकी पृष्ठ २ मा

# रविको पार्टीभित्र बोल्न प्रतिबन्ध !



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ पुस ।

पार्टी स्थापनाको ६ महिने अवधिमै अकल्पनीय सफलता हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना सांसदलाई मिडियामा बोल्न प्रतिबन्ध लगाएपछि आलोचना बढेको छ । चौथो दलका रुपमा संसदीय यात्रा सुरु गरेको रास्वपाले बोल्न मात्रै नभएर बैठक समेत गोप्य गर्न थालेपछि आलोचना भएको हो ।

कुनै समय अरुको आलोचना र विरोध गरेर नथाक्ने रास्वपा सभापति रवि लामिछाने नेतृत्वमा पुगेपछि तानाशाही बन्न खोजेको चर्चा भएको हो । यतिसम्म कि सरकारमा जाने वा नजाने निर्णय गर्न विभिन्न पार्टीका नेतालाई भेटघाट गरिरहेका रविले केन्द्रीय समितिमा समेत केही जानकारी गराएका छैनन् । 'उहाँ अहिले एकलौटी तरिकाले निर्णय गर्न थाल्नुभएकै हो, तर, लोकतान्त्रिक पद्धतिमा सबै पारदर्शी हुनुपर्ने, पार्टी पदाधिकारीलाई जानकारी गराउनुपर्ने त्यो केही हुनसकेको छैन' रास्वपाका एक केन्द्रीय सदस्यले भने । उनले पार्टीका गतिविधि बाहिर नआएपनि भित्रका नेताले भने जानकारी

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# संघको निर्वाचनसहितको साधारण सभा अन्तिम समयमा स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पुस ८ गते शुक्रबार गर्ने तयारी भएको २९ औं साधारण सभा र निर्वाचन अन्किम समयमा आएर स्थगित भएको छ । संघले पुस ८ गते नै साधारण सभा र निर्वाचन गर्ने तयारी गरेपछि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल लगायतले संघको निर्वाचनमा आम व्यवसायीको उचित प्रतिनिधित्व हुन नसकेको भन्दै केही समयका लागि संघको साधारण सभा र निर्वाचन सार्नुपर्ने माग गरेका थिए ।

त्यसका बाबजुद संघको निर्वाचन समितिले सोमबारदेखि निर्वाचन कार्यक्रम प्रकाशित गरी पुस ८ गते नै निर्वाचन गर्ने तयारी गरेको थियो । तर मंगलबार दिउँसो संघले अर्को सूचना नभएसम्म निर्वाचनका कार्यक्रम स्थगित गर्न पत्र पठाएपछि सबै प्रक्रिया रोकिएको निर्वाचन समितिका संयोजक ऋषि शर्माले बताए ।

संघले निर्वाचन समितिलाई पठाएको पत्रमा संघमा ८७६ सदस्य संस्था रहेकोमा साधारण सभा र निर्वाचनमा भाग लिन मंसिर मसान्तसम्म ३८९ सदस्य संस्थाले मात्रै प्रतिनिधि चयन गरी पठाएको र उक्त संख्या संघ सदस्य संख्याको तुलनामा निकै कम भई संघको साधारण सभा बस्न ५१ प्रतिशत सदस्य उपस्थित हुनुपर्ने संघको विधानको दफा १६ (क) को व्यवस्था पालना हुनसक्ने अवस्था नभएकोले

– बाँकी पृष्ठ २ मा

## खुल्यो मकाउको रोजगारी

**काठमाडौं/मस**– मकाउमा नेपालीका लागि रोजगारी खुला भएको छ। नेपाली सेक्युरिटी गार्ड र हस्पिटालिटी क्षेत्रको रोजगारीका लागि अत्यन्तै आकर्षक मानिएको मकाउको रोजगारी कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी महामारीसँगै रोकिएको थियो ।

मकाउका क्यासिनोहरुमा पर्यटक बढ्न थालेपछि नेपाली सेक्युरिटी गार्ड र हाउस किपिङ जस्ता हस्पिटालिटी क्षेत्रको रोजगारी खुला भएको हो । मकाउमा ३० भन्दा बढी क्यासिनो सञ्चालनमा रहेका छन् । ती क्यासिनोहरुमा सेक्युरिटी गार्ड प्राय: नेपाली रहेका छन् ।

मकाउमा होटेल, क्यासिनो तथा सप्लायर कम्पनीहरुमा सेक्युरिटी गार्ड, क्लिनर, हाउसकिपिङ, कुक, वेटर तथा जेल गार्डमा नेपाली जाने गरेको वैदेशिक

– बाँकी पृष्ठ २ मा

JOB VACANCY

We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.

Receptionist : 2 (Female)
PRO : 4 (Male/Female)
Documentation : 2 (Male/Female)
Salary: Negotiable

सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
Please send your CV: triveni.overseas341@gmail.com

TRIVENI HR SOLUTION PVT. LTD. PATHWAYS TO EMPLOYMENT
TRIVENI HR Solution Pvt. Ltd.
Samakhusi, Kathmandu
Tel.: 01-4987601, 01-4987608, 01-4989258

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको
निर्वाचनसहितको साधारण सभा स्थगनसम्बन्धी सूचना


संघको निर्वाचनसहितको २९ औं वार्षिक साधारण सभा मिति: २०७९/९/८ गते गर्ने र सभाबाट कार्यसमितिको निर्वाचन गर्ने प्रक्रिया अघि बढाइएकोमा संघमा ८७६ सदस्य रहेकामा प्रतिनिधि पठाउन तोकिएको समयभित्र ३८९ वटा संस्थाबाट मात्र प्रतिनिधि प्राप्त भई सदस्य संख्याको तुलनामा निकै कम भई संघको साधारण सभा बस्न ५१ प्रतिशत सदस्य उपस्थित हुनुपर्ने विधानको व्यवस्था पालना हुन सक्ने अवस्था नभएकाले सम्भव भएसम्मका सदस्यहरुलाई समावेश गरी साधारण सभाबाट आगामी कार्यसमिति चयन गर्नु उचित हुने सल्लाह वैदेशिक रोजगार व्यवसायमा क्रियाशील रहेका राजनैतिक पार्टीका संघ संगठनलगायत अधिकांश व्यवसायीले अनुरोध गरेकाले बढी भन्दा बढी सदस्यहरुलाई समावेश गरी साधारण सभा गर्नु उपयुक्त हुने देखिएकाले संघको मिति २०७९/९/५ गते बसेको कार्य समितिको बैठकले साधारण सभा र निर्वाचनको प्रक्रिया स्थगित गरी व्यवसायीहरुसँग परामर्श गरी संघको मिति २०७९/९/८ गते कार्यसमितिको बैठकबाट निर्वाचनसहितको २९ औं वार्षिक साधारण सभाको मिति तोक्ने निर्णय गरेकाले जानकारीका लागि सूचना प्रकाशन गरिएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था



माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५



मध्यान्ह
www.madhyanhadaily.com
६ पुस २०७९, बुधबार
21 December 2022, Wednesday

# गरुडा नगरपालिकालाई अल्ट्रासाउन्ड मेसिन प्रदान

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ५ पुस

गरुडा नगरपालिकाको मेयरमा पराजित बृज किशोर यादवले नगरपालिकालाई प्रोटेबल अल्ट्रासाउण्ड मेसिन प्रदान गरेका छन् । नेकपा एकीकृत समाजवादीका नेता यादवले सोमबार एक कार्यक्रमकाबीच नगरपालिकाकी उपप्रमुख पुनम देवी चौधरीलाई उक्त मेसिन हस्तान्तरण गरेका हुन् ।

आफ्नै पहलकदमीमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाठौंबाट प्राप्त १५ लाख मूल्य बराबरको मेसिन नगरभित्रका स्वास्थ्य संस्थालाई प्रदान गर्न हस्तान्तरण गरिएको यादवले बताए । ग्रामीण क्षेत्रका



गर्भवती महिलाको स्वास्थ्य परीक्षण र त्यसको नतिजाको आधारमा उपचार गर्न सहयोग होस् भन्ने उद्देश्यले मेसिन हस्तान्तरण गरिएको उनले बताए । गर्भवती महिलाको पेटमा रहेको बच्चाको अवस्था मेसिनको सहयोगमा सजिलै थाहा पाउन सकिने भएकाले गर्भवती र नवजात शिशुको मृत्युदर घटाउन सहयोग पुग्ने उनको विश्वास छ । गर्भवती महिला, सुत्केरी आमा र नवजात शिशुको मृत्युदर कम गर्न र स्वास्थ्य सुरक्षाको बारेमा जानकारीका लागि साहयोग पुग्ने उनले बताए ।

उक्त मेसिनले महिलाको गर्भमा समस्या भएमा समयमै पत्ता लाग्न सजिलो हुने नगर उपप्रमुख चौधरीले बताइन् । मेसिन ल्याउनका लागि गरुडाका नगर प्रमुख कन्थमनी प्रसाद जयसवालको पनि भूमिका महत्वपूर्ण रहेको उनको भनाइ छ । उक्त अल्ट्रासाउण्ड मेसिन वडा नं ५ शिवनगरस्थित प्रसुति गृहलाई उपलब्ध गराउने मेयर जयसवाले बताए ।

कार्यक्रममा ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक डिएसपी बरुण बहादुर सिंह, नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु यादव, नेता शैलेस जयसवाल, पत्रकार लगायतको उपस्थिति रहेको थियो ।

## कम्युनिस्टमा...

एकीकृत समाजवादीले पनि अध्यक्ष माधव कुमार नेपाललाई संसदीय दलको नेता चयन गरिसकेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको नेतामा सभापति रवि लामिछाने र राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन पनि दलको नेतामा सर्वसम्मत चयन भएका छन् । तर, यी दुई दल कम्युनिस्ट पार्टी भने होइनन् ।

सबैभन्दा ठुलो दल कांग्रेसले भने संसदीय दलको नेता चयन गर्न निर्वाचन समिति बनाएर निर्वाचन कार्यतालिका नै बनाएर प्रक्रिया अगाडि बढाएको छ । चुनावी मैदानमा छन् - सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापा छन् । यी दुई पुस्ताका हिसावले देउवा भन्दा थापा तेस्रो पुस्ताका नेता हुन् । समर्थक र प्रस्तावकहरू पनि उस्तै छन् ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवालाई वरिष्ठ नेता रामचन्द्र पौडेलसहित चार शीर्ष नेताको साथ रहेको छ । एक वर्ष अघि भएको पार्टीको १४ औं महाधिवेशनमा देउवासँगै सभापतिमा प्रतिस्पर्धा गरेका प्रकाशमान सिंह र विमलेन्द्र निधिले पनि देउवालाई साथ दिने बताइसकेका छन् । साथै वरिष्ठ नेता रामचन्द्र पौडेल भने संसदीय दलको नेतामा देउवाको उम्मेदवारीको प्रस्तावक नै बसे ।

कांग्रेसका संस्थापक नेता वीपी कोइरालाका छोरा शशाङ्क कोइरालाले पनि आफू सभापति देउवाका साथमा रहेको बताएका छन् । उनले मुलुक हाँक्न अनुभवी तथा परिपक्व नेता आवश्यक रहेकाले देउवा नै संसदीय दलको नेता चुनिने बताएका छन् । शीर्ष नेताहरुकै साथ पाएकाले सभापति देउवा नै संसदीय दलको नेता निर्वाचित हुनेमा उनी पक्षीय नेताहरु बताउँछन् ।

'सभापति देउवा झण्डै दुई तिहाइ बहुमतको नजिकमा हुनुहुन्छ, उहाँलाई कांग्रेसका सांसदले प्रत्यक्ष भेटेर पनि मतदान गर्ने बचन दिनुभएको छ । संसदीय दलको अंक गणितमा देउवालाई करिब ७६ सांसदको समर्थन रहने देखिएको छ' प्रधानमन्त्री देउवाका प्रेस प्रमुख गोविन्द परियार भन्छन् ।

तर, देउवाको अंकगणित भत्काइसकेको गगन थापा पक्षीय नेताहरु बताउँछन् । थापा देउवा इत्तर समुहको साझा उम्मेदवार बन्दै गर्दा अर्का आशा गरिएका नेता प्रदीप पौडेलले पनि साथ दिएका छन् । पौडेल तिनै नेता हुन्, जो गगनका विगत सहकर्मी तथा प्रतिस्पर्धी दुबै हुन् । गगनले अघिल्लो महाधिवेशन अघि छाडेको कृष्णप्रसाद सिटौला समूहबाट महामन्त्री लड्न पुगेका थिए पौडेल ।

झापामा चुनाव जिते लगत्तै संसदीय दलको नेतामा थापालाई प्रस्ताव गर्ने घोषणा गरेका अर्का महामन्त्री विश्व प्रकाश शर्मा थापाको साथमा छँदैछन् । थापा पक्षीय नेताहरुको अंकगणितका अनुसार केही सांसदको साथ पाउँदा कांग्रेसमा पुस्तान्तरण हुनेछ । तर, केही सांसदको साथ पाउनु पनि कम्ता चुनौतीवपूर्ण छैन् ।

शेखर कोइराला र गगन थापाका बीच सहमति जुटेसँगै कांग्रेसभित्र देउवा समूह इत्तरसमुहसँग ३९ सांसद संख्या पुगेको बताइन्छ । ८९ सदस्यीय कांग्रेस संसदीय दलमा संसदीयदलको नेता बन्न कम्तीमा ४५ मत ल्याउनुपर्छ । अंकगणितमा अझै केही अगाडि बढ्न थापाले प्रयास जारी राखेका छन् ।

महामन्त्री थापा नेता डा. शशांक कोइरालालाई भेट्न मंगलबार साँझ महाराजगञ्जस्थित उनकै निवास पुगे । थापाले संसदीय दलको नेताको चुनावमा आफूलाई मतदान गर्न आग्रह गरे । शशांकले भने यस विषयमा सोचौंला भन्ने जवाफ दिएको उनीनिकट नेताहरु बताउँछन् । थापाको प्रयास व्यक्तिगत रुपमा प्रत्येक सांसदहरुसँग समेत छ ।

## रविको...

पाउनुपर्ने तर, सभापतिले संसदको शपथ नभई नबोल्न निर्देशन दिएको बताएका छन् ।

तर, रवि भने तानाशाही शैलीमा अघि बढ्न थालेका छन् । उनले संसदीय दलको बैठक कहाँ र कहिले बस्दैँछ भनेर जानकारी नगराउन पार्टीभित्र निर्देशन नै गरेका थिए ।

'अध्यक्षले कसैसँग भेट्ने कुरा उहाँको अधिकार क्षेत्रभित्र पर्छ, दलभित्र जानकारी दिएर, फलानोलाई भेट्छु भनेर पहिल्यै भन्नेकुरा कत्तिको व्यवहारिक होला?,' अर्यालले भने, 'कतिपय काम अध्यक्षले आफ्नो अनुकूलतामा गर्न सक्नुहुन्छ । पछि पार्टी बैठकमा त्यसबारे जानकारी दिए भइहाल्यो' उनको बचाउँ गर्दै पार्टी उपसभापति डोलप्रसाद अर्यालले भने । उनले पुरानै दलको रुपमा रास्वपालाई नबुझ्न आग्रह समेत गरेका छन् ।

'रविजीले टीभी कार्यक्रम चलाउँदा उठाएका एजेण्डा मन परेर जनताले मत दिएका हुन् । यो मतदाता बेस्ड पार्टी हो । यहाँ उहाँले जे भन्यो त्यही हुन्छ । जे चाह्यो त्यही हुन्छ' राजनीतिक विश्लेषक डा. विष्णु भट्टराईले भने । उनले रविलाई विश्वास गरेरै देशभरका मतदाताले भोट दिएकाले उनी एक्लै निर्णायक हुनसक्ने बताएका छन् ।

यता, प्रचारबाजीबाटै उदाएका रवि आफ्नो प्रचार गर्न भने चुकेका छैन । चितवनबाट निर्वाचित भएपछि विभिन्न ठाउँमा अनुगमन गर्ने साथमा युट्युब मिडिया पनि लाने र प्रचार गर्ने उनको पुरानै शैली भने कायमै देखिन्छ । पुराना दलका कार्यशैलीबाट असन्तुष्ट भएर राजनीतिमा उदाउने मौका पाएका रविलाई आगामी दिन भने झनै चुनौतीपूर्ण देखिन्छ । तसर्थ, उनले एकल निर्णय भन्दापनि कार्यशैली बदलेर जनताको मुद्दामा काम गर्नुको विकल्प देखिँदैन ।

## संघको...

साधारण सभा रोक्नुपरेको उल्लेख गरेको छ ।

संघका सहसंयोजक प्रेम कटुवालले संघलाई छाता संस्था मान्ने राजनीतिक दल निकट संघ संस्थाबाट सम्भव भएसम्मका सदस्यहरुलाई समावेश गरी साधारण सभाबाट संघको आगामी नेतृत्व छनोट गर्नुपर्ने लिखित तथा मौखिक सुझाव दिएको भन्दै त्यसलाई पनि ध्यान दिई पुस ८ गतेका लागि तोकिएको साधारणसभा स्थगित गरिएको मध्यान्हलाई बताए ।

संघले साधारण सभा र निर्वाचनको नयाँ मितिका विषयमा राजनीतिक दल निकट संघसंस्था, जातीय तथा भेगीय संस्थाका प्रतिनिधिहरुसंग पुनः छलफल गरी तोकिने र त्यसका लागि बिहीबार सर्वपक्षीय बैठक बस्ने तयारी भएको पनि सहसंयोजक कटुवालले बताए ।

यसअघि संघको साधारण सभा र निर्वाचन पटक-पटक रोकिएको छ । यसअघि नेकपा एमालेको पार्टी जिल्ला अधिवेशन, नेपाली कांग्रेसको १४ औं महाधिवेशन र राजधानी लगायत केही जिल्लामा कोरोना भाइरसको ओमिक्रोन नामको नयाँ भेरियन्ट फैलिएर प्रशासनले भेला सभा गर्न नपाउने गरी निषेधाज्ञाको आदेश जारी भएका कारणले पनि संघको साधारणसभा रोकिएको थियो ।

## खुल्यो ...

रोजगार व्यवसायीहरु बताउँछन् । मकाउ सरकारले कोभिडअघि एकै वर्षमा क्यासिनोहरुबाट ३८ अर्ब अमेरिकी डलरभन्दा बढी राजस्व संकलन गर्ने गरेको थियो ।

नेपाली सेक्युरिटी गार्डहरुले तलब सुविधा पनि सोही अनुसारको आकर्षक र लोभलाग्दो स्तरमा पाउने गरेका छन् । मकाउमा सामान्य सेक्युरिटी गार्डले महिनामा कम्तिमा १८ हजार हङकङ डलर करिब सवा तीन लाख तलब पाउने गरेका छन् ।

मकाउ लामो समयदेखि नेपाली सेक्युरिटी गार्डका लागि सुरक्षित गन्तव्यका रुपमा रहेको छ । वर्ल्ड वाईड ह्यूमन रिसोर्स नेटवर्किंग प्रा.लि., एकता इन्टरनेशनल प्रा.लि.लगायतका म्यानपावर कम्पनीले मकाउमा सेक्युरिटी गार्ड लगायतका माग ल्याएर पठाउने गरेका छन् ।

मकाउमा ६/७ हजारसम्म बेड भएका ठूलाठूला होटल रहेका छन् । ती होटलहरुमा रोजगारीका प्रशस्तै अवसर रहेको बताइएको छ । मकाउका क्यासिनोहरुवे सन् २०१३/१४ पछि संसार प्रशिद्ध क्यासिनो रहेको अमेरिकाको लस भेगासलाई पनि उछिनेको बताइन्छ । मकाउमा रहेका कतिपयले नेपाली महावाणिज्यदूतावासले नेपालीको रोजगार प्रवर्द्धनमा चाहिने जति भूमिका नखेलेको र महावाणिज्यदूतावास सक्रिय भएमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भनेजस्तो गुणस्तरीय वैदेशिक रोजगारको बाटो खुल्ने बताउँछन् ।

श्रम मन्त्रालयले खाडी तथा मलेसियाको जोखिमयुक्त र परम्परागत वैदेशिक रोजगारीलाई नयाँ श्रम गन्तव्य खोजेर सिफ्ट गर्ने नीति कार्यान्वयन गरिरहेको बताएको छ ।


## साइप्रसमा रोजगारको अवसर

कम्पनी: CY EMPLOYMENT
शहर: PAPHOS

पूर्व स्वीकृत मिति : २०७९/०७/१७ चलानी नं.: ६०१९०४४६ LT. No.: 274247 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers (Female) | 0 | 2 | स. काममा दक्ष | 314 | ४१,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ पुस १३ गते (28 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sundar Nepal Overseas Pvt. Ltd.**
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal Email: Sundarnpo@gmail.com | Tel. 01-4478460 | Mob.: 9851170602

## UAE मा रोजगार

१. कम्पनी: POWER CLEANING SERVICES & BUILDING MAINTENANCE (L.L.C.)
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०८/२४ चलानी नं.: ६०१७०११४ L.T. No.: 253551 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 31 | 112 | स. काममा दक्ष | 900 | ३२,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ पुस १३ गते (28 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9849913982, 9818106406, 9851168772,9844594767

## साउदीमा रोजगार

कम्पनी : WORLD OF RESTAURANTS CO
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०८/१७ चलानी नं.: ६०१६९५०७ LT. No.: 252468 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 17 | 0 | स. काममा दक्ष | 1200 | ४२,१०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १३ गते (28 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

## साउदीमा रोजगार

१. कम्पनी: ROAD EXPERTS LOGISTICS COMPANY
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/१२/२१ चलानी नं.: ६०१७७२०२ LT. No.: 260798 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MOHAMED HADI AL-RASHEED AND PARTNERS COMPANY FOR THE PRODUCTION OF SILICA SAND POWDER
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/१०/०४ चलानी नं.: ६०१७२९०३ LT. No.: 256206 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Cutting Machine Operator | 3 | 0 | स. काममा दक्ष | 2500 | ८७,७२५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stone Crusher Operator | 15 | 0 | | 2500 | ८७,७२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ पुष १३ गते (28 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com


### अधिकृत वारेसनामा वदर गरेको सूचना

म जुठे विश्वकर्माको नाती कुलविर विश्वकर्माको छोरा नवलपरासी जिल्ला रकुवा गा.वि. स.वडा नं.४ घर भै काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.१४ कलंकि वस्ने धन वहादुर विश्वकर्मा भनिने धन वहादुर घिमिरे,ना.प्र.नं.३९३४९,मिति :२०५७/९/४,जिल्ला प्रशाशन कार्यालय नवलपरासी) ले गोपिमान श्रेष्ठको नातिनी नारायण प्रसाद श्रेष्ठको छोरी चितवन जिल्ला रत्ननगर न.पा.वडा नं.२ वस्ने ईन्द्रावती श्रेष्ठ,ना.प्र.नं.५९१०/७२१,मिति :२०४३/७/२४,जिल्ला प्रशाशन कार्यालय चितवन) लाई मेरो नाममा मालपोत कार्यालय कावासोतीमा दर्ता रहेको नवलपरासी जिल्ला रकुवा गा.वि.स.वडा नं.२ कित्ता नं.२५१२ को क्षेत्रफल १-१३-२-२ जग्गा राजिनामाको माध्यमवाट हक हस्तान्तरण गर्न पाउने गरि मुलुकी ऐन अ.बं.७१ (ख) तथा रजिष्ट्रेसनको ११(क) नं.वमोजिम मिति : २०७४/४/२२ गते काठमाण्डौ जिल्ला अदालतवाट अधिकृत वारेस मुककर गरेकोमा आजै देखि लागु हुने गरि ईन्द्रावती श्रेष्ठलाई दिएको अधिकृत वारेसनामा मुलुकी देवानी कार्यबिधी संहिता २०७४ को दफा १५५ (१) (ग) नं.वमोजिम वदर गरेको छु ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/०६**

**शोरा फेशन प्रा.लि.** को मिति २०७९/०८/१५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निरा इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि.नं.: १२४४४८)** कायम गर्ने गरी मिति २०७९/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०६**

**तारकेश्वर भेट एण्ड डग केयर सेन्टर तथा विउ विजन पसल प्रा.लि.** को मिति २०७९/०८/२७ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिखु एग्रोभेट सर्भिस सेन्टर प्रा.लि. (प्रा.लि.नं.: २५१४९५)** कायम गर्ने गरी मिति २०७९/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/०६**

**निओलोजिअन एकेडेमी प्रा.लि.** को मिति २०७९/०८/१५ गतेमा सम्पन्न एकल शेयरधीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रुबी भ्याली स्कुल प्रा.लि. (प्रा.लि.नं.: २८७३७)** कायम गर्ने गरी मिति २०७९/०९/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### शैलुङ्ग पावर कम्पनी लिमिटेड

**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३१, काठमाडौं**
**फोन नं. ०१४४४४९४७, ईमेलः** shailunhgpower2021@gmail.com

#### साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित २०७९/०९/०५**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस शैलुङ्ग पावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७९ पौष ४ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति : २०७९ साल पौष २७ गते (तदनुसार सन् ११ जनवरी २०२३) आइतबार ।**
**समय : विहान ११:०० बजे ।**
**सभा हुने स्थान : कम्पनीको रजिष्टर कार्यालय, का.म.न.पा. वडा नं. ३१, काठमाडौं ।**
**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरुः**

**(क) प्रस्तावहरु :**
**१. लेखा परिक्षण नियुक्ति गर्ने सम्बन्धमा ।**
**२. लेखा परिक्षण प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।**
**३. लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।**
**४. संचालक समिति परिवर्तन गर्ने सम्बन्धमा ।**
**५. विविध सम्बन्धमा**

**संचालक समितिको आज्ञाले**
**यादव न्यौपाने**
**(कम्पनी सचिव)**

### बर्जु गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

**अमाहिबेल्हा, सुनसरी, प्रदेश नं.१, नेपाल**

#### बर्जु गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

# सर्लाहीका किसानलाई तरुल खन्ने चटारो

**एस.पी. गौरब/मध्यान्ह**
सर्लाही, ५ पुस

माघे संक्रान्ति नजिकिएसँगै सर्लाहीका किसानहरुलाई यतिबेला तरुल खन्ने चटारो बढेको छ । जिल्लाको शंकरपुर, राजघाट, हजरिया, बरहथवा, जिरायत, कर्मैया हजरियालगायतका क्षेत्रमा व्यावसायिक रुपमा तरुल खेती गरेका किसानहरुलाई तरुल खन्ने चटारो बढेको हो । यस क्षेत्रका किसानहरुले तरुल बिक्रीबाट वर्षेनी राम्रो आम्दानी गर्दै आएका छन् । बागमती नगरपालिका ५ राजघाट टेकानीका जगतबहादुर खुलाल मगरले यस वर्ष करिब १ विघा क्षेत्रफलमा तरुल खेती लगाएका छन् । गत वर्ष उनले करिब ३ लाख ५० हजार रुपैयाँको तरुल बिक्री गरेका थिए ।



अन्य खेतीको तुलनामा तरुल खेतीमा मेहनत र खर्च कम हुनुका साथै फाइदा बढी हुने भएकाले विगत १५ वर्षदेखि तरुल खेती गर्दै आएको उनी बताउँछन् ।

यस वर्ष खेतबाट नै व्यापारीहरुले प्रतिकिलो रु.१ सय १० मा तरुल खरिद गरेको बागमती नगरपालिका ६ का किसान यमकुमार मगर बताउँछन् । लामो समयदेखि तरुल खेती गर्दै आएका उनले यस वर्ष करिब १६ कट्ठा जमिनमा तरुल खेती गरेका छन् । उनले व्यापारीलाई प्रतिकिलो १ सय १० रुपैयाँका दरले खेतमै र काठमाडौं पुऱ्याएर प्रतिकिलो २ सय २० रुपैयाँमा तरुल बचेका छन् ।

खर्च कटाएर कट्ठाको करिब १ लाख रुपैयाँ आम्दानी भएको उनले बताए । तरुल खेतीबाट भएको आम्दानीले छोराछोरी पढाउने र घर व्यावहार चलाउन पुगेको उनको भनाई छ ।

यहाँको तरुल स्वादिलो हुने भएकाले काठमाडौंलगायत देशका मुख्य शहर हरुबाट अत्याधिक माग हुने गरेको बागमती नगरपालिका ८ का व्यापारी नुनुबाबु पण्डित बताउँछन् । यस क्षेत्रका किसानहरुले पताले, झुसे, जाँते र रातो तरुल धेरै मात्रामा लगाउने गरेका छन् । तरुल खेती गर्न बलौटे तथा दोमट माटो उपयुक्त हुने किसानहरु बताउँछन् ।

बिउ, खनजोत, मलखाद र गोडमेल समेत गरेर प्रतिकट्ठा करिब ६ हजार रुपैयाँ लगानी हुने अर्का किसान राम बहादर मगर बताउँछन् । उनका अनुसार राम्रो उत्पादन हुँदा तरुल प्रतिकट्ठा करिब ८ क्वीन्टलसम्म उत्पादन हुने गरेको छ । जिल्लामा मात्र यस वर्ष करिब ३ सय हेक्टर क्षेत्रफलमा तरुल खेती गरिएको कृषि ज्ञान केन्द्र मलंगवाका कार्यालय प्रमुख कमल देव प्रसाद कुशवाह बताउँछन् ।

उनका अनुसार समय तथा मेहनत पनि कम लाग्ने र सिंचाई नभएपनि तरुल खेती राम्रो हुने भएकाले जिल्लाका किसानहरु तरुल खेतीतर्फ बढी आकर्षित हुने गरेका छन् । जिल्लाका किसानहरुले तरुलको राम्रो मूल्य पाएका छन् । राम्रो मूल्य पाएपछि तरुल किसान पनि दंग परेका छन् । विगत वर्षको भन्दा तरुलले दुई गुणा बढी मूल्य पाएपछि यस पटक आम्दानी पनि मनग्य हुनेमा तरुल किसान ढुक्क छन् ।

जिल्लाको बागमती नगरपालिकास्थित राजघाटका तरुल किसान बलराम उप्रेती यस वर्ष तरुलले राम्रो मूल्य पाएको बताउँछन् । यस पटक माघे संक्रान्ति नजिकिँदै गर्दा जिल्लाका विभिन्न स्थानहरुमा उत्पादन भएको तरुल प्रतिकिलो एक सय रुपैयाँदेखि एकसय ६० रुपैयाँसम्म खेतैमा पाएको तरुल उत्पादक किसान राजलाल महतोले बताए । 'पोहोर साल प्रतिकिलो ६०/७० रुपैयाँ थियो ।' उनले थपे, 'यस पटक राम्रो भाउ पाएका छौं । राम्रै फाइदा हुन्छ होला ?'

यहाँ उत्पादन भएको तरुल ठेकेदारले किसानसँग खरिद गरेर देशका मुख्य बजार हेटौडा, लहान, काठमाडौं विराटनगर र धनगढीसम्म पुऱ्याउने गरेका छन् । ठेकेदारहरुले खेतमै खनेर लैजाने गरी तरुल ठेक्का लिएका राजघाटका तरुल उत्पादक किसान बिनोद दाशले बताए । उनका अनुसार किसान आफैंले स्थानीय बजारमा समेत तरुल बिक्रीको लागि लैजाने गरेका छन् ।

'लगानी थोरै र स्याहार पनि थोरै गर्नुपर्ने भएकोले तरुलको यसपटकको मूल्यले किसानलाई फाइदा छ' किसान राम कुमार मैनालीले भने,'अन्य बालीलाई जस्तो स्याहार मल गर्नुपर्दैन । मकै वा बेसारभित्र लगाउँदा पनि हुने ।'

एउटै बारिमा दुई थरी खेती गर्न पाहिने भएकोले पनि किसानहरु तरुलतर्फ आकर्षित हुँदै आएको स्थानीयको भनाइ छ । तरुल बिक्री वितरणमा अहिलेसम्म किसानले दुख पाउनु नपरेकोमा समेत किसानहरु खुसी छन् । माघे संक्रान्तिमा विशेष फलारको रुपमा प्रयोग गरिने तरुल अन्य समयमा तरकारीको रुपमा समेत बिक्री हुने गर्दछ । तरुलखेती गर्दा जमिन हेरेर बिउ, खनाई, जोताई, मल खाद र गोडमेल समेत गरेर राम्रो आम्दानी हुने किसानहरुको भनाइ छ ।

# सरकारी वकिलको राष्ट्रिय सम्मेलन शुक्रबारबाट



**काठमाडौं/मस–** सरकारी वकिलहको चौथो राष्ट्रिय सम्मेलन पुस ८ गतेदेखि १० गतेसम्म काठमाडौंमा हुदैछ । सम्मेलनको नारा 'फौजदारी न्यायको प्रभावकारिता : कानूनी शासनको सुनिश्चितता' रहेको छ । मुलुकी अपराध संहितालगायत नयाँ कानुनको कार्यान्वयनको अवस्था र कार्यान्वयनमा देखिएका कठिनाइ तथा चुनौतीको आधारमा सुधारका क्षेत्र पहिचान गर्नु सम्मेलनको उद्देश्य रहेको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ । साथै, सम्मेलनले महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको समीक्षा गर्नु र प्रभावकारिताका लागि पहल गर्नु, महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार, भौतिक पूर्वाधारको विकास र भावी योजनाका लागि मार्गदर्शन खोज्ने छ ।

काठमाडौंको राष्ट्रियसभा गृह हलमा तीन दिन हुने सम्मेलनको प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । सम्मेलनमा देशभरका चार सय ६५ जना सरकारी वकिल सहभागी हुनेछन् भने सरोकारवाला निकाय, मुख्य न्यायाधिवक्ताको कार्यालय र नेपाल बार एसोसिएसन, नेपाल प्रहरी, अनुसन्धान निकाय, सरकारी वकिल कार्यालयका कर्मचारी र पर्यवेक्षकको सहभागिता हुनेछ । चौथो राष्ट्रिय सम्मेलनबाट सरकारी वकिलको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणका लागि आवश्यक सेवा शर्त कानुन तर्जुमाका लागि आधार तयार गर्ने, सरकारी मुद्दाको प्रतिरक्षा र बहस पैरवीमा सुधारको लागि विशिष्टीकरण र समन्वय विस्तारमा थप प्रभावकारिता वृद्धि गर्नेलगायतका उपेक्षा गरिएको छ ।

# सार्वजनिक जग्गा संरक्षणमा गैडहवा गाउँपालिकाको तदारुकता

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, ५ पुस



रुपन्देहीको गैडहवा गाउँपालिकाले सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण भएका संरचना भत्काउन शुरु गरेको छ । सार्वजनिक जग्गा अतिक्रमण नगर्नका लागि र बनाइएका संरचनाका विरुद्धमा पालिकाले पटक-पटक सार्वजनिक रुपमा सूचना जारी गरेपनि सर्वसाधारणले नमानेपछि पालिकाले डोजर चलाउन शुरु गरेको हो । मंगलबार पालिकाले वडा नम्बर ७ बगरगदहवा टोलको गाउँमा रहेको दुई वटा टिनले छाएको र खपडाले छाएको घरमा डोजर चलाइएको गाउँपालिका अध्यक्ष सुरेन्द्र पौड्यालले जानकारी दिए ।

अध्यक्ष पौडेलले सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका संरचना भत्काउनका लागि घरधनीको नाममा दुई पटक ३५ दिने सूचना जारी गरेर जानकारी गराए पनि अटेर गरेपछि अवैध संरचना हटाइएको बताए । अब वडा नम्बर १ देखि ९ सम्म नै सडकको दायाँबायाँ र सार्वजनिक ठाउँमा अतिक्रमण गरेर बनाएका सबै संरचना हटाइने भएकाले सबैलाई सहयोग गर्न आग्रह गरेका छन् ।

सर्वसाधारणको अहितमा सार्वजनिक जग्गा उपयोग गरी अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु भत्काउन शुरु गरिएको गैडहवा गाउँपालिका वडा नम्बर ७ का वडाअध्यक्ष लाल बहादुर केवटले बताए ।

अध्यक्ष केवटले वडा नं. ७ मा सार्वजनिक जग्गामा निर्माण गरिएको संरचना हटाउने अभियान अर्न्तगत कार्य शुरु भएको भन्दै कसैले सार्वजनिक जग्गा अतिक्रमण गरी संरचना बनाएको भए आफूहरुलाई सूचना दिन आग्रह गरे । निमित्त प्रमुख प्रशासकीय अधिकृत माधव पौडेलले सार्वजनिक जग्गामा अवैध संरचना निर्माण भएको स्थानमा प्राविधिक टोलीले नाँपजाँच पश्चात एकिन गरेर भत्काउन शुरु गरेको र अन्य स्थानमा पनि डोजर चलाउने तयारी भइरहेको बताए । गैडहवा गाउँपालिका उपाध्यक्ष माधुरी जैसवालले अतिक्रमण गरेर निर्माण गरिएको संरचना हटाएर सार्वजनिक जग्गाको संरक्षणका लागि गरिएको शुरुवातमा सरोकारवालाको साथ, सुझाव/सल्लाह आवश्यक रहेको बताइन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**नाम परिवर्तन गरिएको सूचना**
दोस्रो प्रकाशित मिति २०७९/०९/०६

मिति २०७९।०८।११ मा सम्पन्न विशेष साधारणसभा तथा २०७९।०८।२० को सम्पन्न कम्पनी रजिष्ट्रारको निर्णय अनुसार यस **धनदिप ट्रेडर्स प्रा.लि.**को नाम परिवर्तन गरी **ब्लिङ्स मेकअप स्टुडिओ एण्ड एकेडेमी प्रा.लि.** हुने निर्णय भएको हुदाँ यस साविक कम्पनीको नाममा रहेको चल, अचल सम्पतिहरु तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्वहरु परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**संचालक**

**श्री मालपोत कार्यालय, चितवन, भरतपुरबाट प्रकाशित भएको**
**३५ दिने सार्वजनिक सूचना**
**(प्रकाशित मितिः २०७९/०९/०६)**

जिल्ला चितवन साविक चण्डिभञ्याङ्ग गा.वि.स. वडा नं. ६ हालको इच्छामामना गाउँपालिका वडा नं. ६ बस्ने अकिर गुरुङका नाममा तपसिल बमोजिमको जग्गा दर्ता रही निज आफ्नो कालगतिबाट मिति २०७७/११/११ मा अविवाहित अवस्थामा मृत्यु भएकोमा मृतकका बाबु डिलबहादुर गुरुङको नाममा नामसारी गरी पाउँ भनी चितवन जिल्ला इच्छाकामना गाउँपालिका वडा नं. ६ बस्ने डिलबहखादुर गुरुङको यस कार्यालयमा निवेदन परी मिति २०७९/०९/०४ को आदेशाअनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदकको मागबमोजिम नामसारी गरी दिनु नपर्ने कुनै कारण भए वा निजभन्दा अन्य कोही नजिकको हकवाला भए सप्रमाण म्यादभित्र पस्थित भई दाबी गर्न आउनु होला । अन्यथा, कानून बमोजिम भैजानेछ । पछि कसैको उजुरीबाजुरी लाग्ने छैन ।

**तपसिल**

| ग.वि.स./नपा | वडा नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| पदमपुर | २/ख | ७६८ | ८०.४२ व.मि | |
| " | " | ७७० | ३५.९८ व.मि. | |

**नोटः** यसमा माथि उल्लेखित कि.नं.का जग्गाहरु जग्गाधनी अमिर गुरुङको अविवाहित अवस्थामा मिति २०७७/११/११ मा मृत्यु भएकाउले निजको मृत्युपछिको हक खाने हकदार निज मृतकको बाबु बाहेक अरु कोही नभएकोले निज बाबुको नाममा नामसारी गरिदिने भनी स्थानीय तहको किटानी सिफारिस भइ आएकोले कहीँ कतै अरु हकदारहरु भए म्यादभित्र सप्रमाण मालपोत कार्यालय भरतपुरको मुद्दा/प्रशासन शाखामा स्वयं व्यक्ति उपस्थित भै दाबी गर्न आउनु होला । अन्यथा, मागबमोजिम माग गर्नेको नाममा भैजानेछ । पछि म्याद समाप्त भएपछि कहीँ कतै उजुरी बाजुरी लाग्ने छैन ।

*इतिसम्वत् २०७९ साल मंसिर महिना ५ गते रोज ३ मा शुभम् ................. ।*

**साउदीमा रोजगार** | **JADDARAH RECRUITMENT COMPANY, DAMMAM**
पुर्व स्विकृति मितिः २०७९।४।३० चलानी नं. ६०१८५४११ LT No. 26954। पून:बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | ने रू | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 80 | काममा दक्ष | 1000 | 35212 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७९ पुष १३ गते (28 December 2022) हुनेछ।**

बैदेशिक रोजगार बिभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनूहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**साउदीमा रोजगार** | १. कम्पनीः **BUILDING CONSTRUCTION COMPANY LTD** शहरः KHOBAR
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५५७ LT. No.: 278016

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Operator | 8 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 3 | 0 | | 1000 | ३५,९०० | | | | | | | |
| 3. | Forklift Driver | 10 | 0 | | 2000 | ७०,१८० | | | | | | | |

२. कम्पनीः **MODERN TASTE TO SERVE DRINKS EST** शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.:६०१९३५५६ LT. No.: 277958

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | coffee provider | 4 | 0 | स. काममा दक्ष | 1500 | ५२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १३ गते (28 Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को नि:शुल्क क.नं. २ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४

**मलेसियामा रोजगार** | कम्पनीः **HWG SECURITY SERVICES SDN BHD** शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८२६२ L.T. No.: 272608 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२.कम्पनीः **UNILIN (MALAYSIA) SDN BHD** शहरः SUNGAI PETANI
पूर्व स्वीकृत मितिः २०७९/०७/०८ चलानी नं.: ६०१९०००३५ L.T. No.: 274280 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 75 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः **DELL SECURITY SERVICES SDN BHD** शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८२४१ L.T. No.: 272500 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १३ गते (28 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ADVANCED MANAGEMENT CONSULTANTS**
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

**Malaysia मा रोजगारको अवसर** | १. कम्पनीः **SERBA WANGI (PG) SDN BHD** शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०४/२२ चलानी नं.: ६०१८४७८५ LT. No.: 268498 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Storage Labour | 14 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः **AHS SECURITY SDN.BHD** शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०२२/०८/२६ चलानी नं.: ६०१८६१७७ LT. No.: 270089 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः **BSSB Leather & Fabric Beds SDN.BHD.** शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०२२/०९/०८ चलानी नं.: ६०१८७२३६ LT. No.: 271274 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 39 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १३ गते (28 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alliance Human Resources Pvt. Ltd.**
Govt. Licence: 690/063/064
P.O.Box : 13612, Gaushala-9, Kathmandu, Nepal | Tel: 01-4478850, 4491791 | Fax: 01-4462344
Email:- info@alliancenepal.com, cv@alliancenepal.com | www.alliancenepal.com

**मलेसियामा रोजगारको अवसर** | कम्पनीः **OCTOPUS LEXUE MEDIA SDN BHD** शहरः KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७९/०८/०७ चलानी नं.: ६०१९१८४५ LT. No.: 276183 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 18 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १२ गते (27 December 2022) मा हुनेछ ।**

**कुवेतमा रोजगारको अवसर** | कम्पनीः **BONVEIN RESTAURANT COMPANY** शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५३८ LT. No.: 277954

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 1 | 2 | स. काममा दक्ष | 125 | ५३,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १३ गते (28 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Sinamangal-09, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com

**साउदीमा रोजगार** | कम्पनी : **ANSAB GENERAL CONTRACTING CO.** शहर : DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१८८१६८ LT. No.:272434 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १३ गते (28 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

**कुवेतमा रोजगार** | कम्पनीः **AL GHUNAIM TRADING COMPANY LIMITED** शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०७/१७ चलानी नं.: ६०१९०४४५ LT. No.: 274356

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 175 | 25 | स. काममा दक्ष | 130 | ५५,४६३ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver (GCC) | 5 | 0 | | 170 | ७२,५२८ | | | | | | | |

नोटः❖ Security Guard को पुरुषको हकमा उचाई ५ फिट ६ ईन्च र उमेर २२ बर्ष देखि ३८ बर्ष । साथैको महिलाको हकमा उचाई ५ फिट ३ ईन्च र उमेर २२ बर्ष देखि ३६ बर्ष ।
❖ Security Guard को हकमा Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावरको कार्यालय काठमाडौंमा २०७९ पुस १३ गते (28 December 2022) मा हुनेछ।**
**बाजेको सेकुवा कर्नर होटल, (पृथ्वीचोक-८, पोखरा कास्की)मा २०७९ पुस १४ गते (29 December 2022)मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SUNERA NEPAL INCORPORATED PVT. LTD.**
Govt. Lic No.: 367/059/060
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 01-5908135, 9814848458,9810629726 , 985-1002973 ,9841985312
Email ID: info@suneranepal.com, Website: www.suneranepal.com
*Pokhara Contact No. 9856036099*

मध्यान्ह
www.madhyanhadaily.com
६ पुस २०७९, बुधबार
21 December 2022, Wednesday

## सम्पादकीय

# दलहरुले नबुझेको जनादेश

नयाँ सरकार गठनको गृहकार्यमा रहेका राजनीतिक दलहरूले संसदीय दलका नेता चयन प्रक्रिया धमाधम अगाडि बढाएको छ । नेपाली कांग्रेसले बुधबार संसदीय दलको नेता चयन गर्दैछ । नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी र जनमत पार्टीले दलको नेता चयन गरिसकेको छ । नेकपा माओवादी केन्द्र, राप्रपा, जनता समाजवादी पार्टी (जसपा) लगायत दलहरूले दलको नेता चयन गर्न बाँकी छ । तर दलको नेता चयन भइसकेका र गर्न बाँकी दलहरूभित्र देखिएको दृष्यमा भने एउटा समान दृष्य देखिएको छ । त्यो हो सबै दलका प्रमुख नै दलको नेता चयन हुँदैछन् वा दावी गरेका छन् । एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई, रास्वपाले सभापति रवि लामिछानेलाई, एकीकृत समाजवादीले अध्यक्ष माधवकुमार नेपाललाई र जनमत पार्टीले अध्यक्ष सिके राउतलाई दलको नेता चयन गरेको छ । यी सबै नेता निर्विरोध नता चुनिएका हुन् ।

दलको नेता चयन हुन बाँकी दलहरूमा पनि दलको प्रमुख नै दलको नेता बन्ने सहज अनुमान लगाउन सकिन्छ । माओवादी केन्द्रले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई चुनाव अगाडि नै भावी प्रधानमन्त्री भनेर प्रचार गरेको थियो । प्रचण्डले चुनाव पछाडि पनि आफू नै प्रधानमन्त्री बन्ने सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । यसअघिका चुनावहरूबाट समेत प्रचण्ड नै दलका नेता र प्रधानमन्त्रीका दाबेदार रहँदै आएका छन् । जसपाका अध्यक्ष उपेन्द्र यादवले चुनाव हारेकाले राष्ट्रिय परिषद् अध्यक्ष अशोक राई दलको नेता बन्ने संभावना छ । कांग्रेसमा भने चुनावबाट दलको नेता टुंगिदैछ । त्यसका लागि सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापाले उम्मेद्वारी दर्ता गराएका छन् । आज हुने मतदानबाट दलको नेता टुंगिनेछ ।

दलको नेता चयन प्रक्रियाका क्रममा देखिएको दृष्यले फेरि पनि पूर्वप्रधानमन्त्रीहरू मध्येबाटै सरकारको नेतृत्व हुने पक्का छ । किनकि कांग्रेसमा महामन्त्री थापासँग भन्दा सभापति देउवासँग धेरै सांसद छन् । कुनै परिवर्तन नभए देउवा छैटौपटक प्रधानमन्त्री बन्ने लाइनमा हुनेछन् । जबकी यसपटकको चुनावको सन्देश भने नयाँ र युवा नेतालाई अगाडि बढाउनु भन्ने हो । पूर्वप्रधानमन्त्रीहरूविरूद्ध त सामाजिक सञ्जालमा अभियान नै चलेको थियो । रवि लामिछाने, सिके राउतदेखि राप्रपासम्मले अप्रत्यासित पाउनुले पुराना दलहरूलाई सुध्रिन सन्देश थियो । तर पुराना दलहरूले जनमतको सन्देशलाई कुनै ध्यान दिएको देखिएन ।


# संकटमा संसदीय व्यवस्था

*आज देश गम्भीर राष्ट्रिय संकटमा जाँदैछ । राष्ट्रिय संकटका लागि दुई वटा कारण छन् : पहिलो हो राजनीतिक संकट र दोस्रो हो आर्थिक संकट । संसदीय व्यवस्था कायम राखेर यी संकटको हल गर्न सकिँदैन ।*

अग्रलेख



● विष्णु पन्त



### समीकरण अस्पष्ट

चुनावी परिणामलाई हिसाब गरेर सत्ता समीकरण वा सौदाबाजी गर्नुपर्ने संसदीय राजनीतिको मुख्य चरित्र हो । देशलाई, नेतृत्वलाई र दलहरुलाई डुबाउनु छ भने संसदीय व्यवस्थालाई अंगीकार गर्नु । संसदीय राजनीतिको कुरूप पक्ष भनेकै सत्ता राजनीति हो । यहाँ बहुमत पुऱ्याउने जोडमा अरु सबै कुरा सहायक हुन्छ । संसदीय राजनीतिमा जो सरकारमा गयो, उही सफल र विजेता मानिन्छ । हाँस्यास्पद कुरा के छ भने राष्ट्रिय दल पनि बन्न नसकेका एकीकृत समाजवादी नेताहरु एमालेको बहुमत नपुगेकोमा आफूलाई विजयी घोषणा गरेका छन् । संसदीय राजनीतिमा फसेपछि धेरै राम्रा नेताहरुको चेतनास्तर यसैगरी खस्कीयो ।

यही मंसिर ४ गते चुनाव सम्पन्न भएर सबै परिणामहरु आइसके तर, सरकारको मार्गचित्र झनै अस्पष्ट बनेको छ । कुनै दलको बहुमत आयो भने त्यसलाई कसरी फुटाउने भन्ने चिन्ता अनि बहुमत आएन भने कसरी गठबन्धन भत्काउने भन्ने चिन्ता ! राजनीतिको केन्द्र भागमा बहुमत बन्यो वा संसदीय अंकगणित बन्यो । संसदीय राजनीतिको धेरै अभ्यासहरु हेरियो तर, कुनै पनि अभ्यासले देशको चिन्ता गरेन । हाम्रो ध्यान र शक्तिपूर्णरूपले सरकार गठन र विघटन, संसद पूनर्स्थापना र विघटन अनि भागवण्डाको दाउपेचमा मात्र खर्च भयो । केही राम्रो गरौं भन्नेलाई पनि सरकार ढल्ला कि वा बहुमत गुम्ला कि भन्ने पिरलोले सतायो । केही नयाँ गरौं कि भन्दा पनि अदालत हाम्रो अवरोध बनेर आयो । प्रतिपक्षमा बसेर देश र जनताको एजेण्डा बोक्ने धैर्यता र नैतिकता धेरै दलहरुले गुमाएका छन् ।

मुलुकमा चुनाव हुन्छ तर, त्यसले सधैँ अन्योलता मात्रै सिर्जना गर्दछ । चुनावले स्पष्ट दिशानिर्देश गर्नुपर्छ तर, लोकतन्त्र वा गणतन्त्रका नाममा हामीले सधैँ निराशा र सत्तालिप्सा मात्र खपत गऱ्यौं । यसको दोष नेतृत्वमा छ कि प्रणालीमा ? स्पष्ट छ, दोष दुवैमा छ र मुख्यरूपमा प्रणालीको छ । प्रणाली सही भएमा गलत वा खराब नेतृत्वलाई कानूनी वा राजनीतिक कठघरामा ठड्याउँछ । सबै खराबी विकृति र विसंगतिहरुलाई नियन्त्रण गर्ने काम प्रणाली हो । हो र प्रणालीको विकास वा कार्यान्वयनमा नेतृत्व गर्ने हो । हाम्रोमा अदालतभित्र सबैभन्दा बढी राजनीति हुन्छ । अदालतमा राजनीति : योभन्दा फोहरी खेल के हुन्छ ? नेपाली सेना बाहेक अरु सबै राज्यका अंगहरु तहसनहस र ध्वस्त बनेका छन् । भ्रष्टाचारको मात्र छानबिन गर्ने हो भने त सबै अंगहरु कुहिएका छन् ।

चुनावी परिणाम आएपछि स्वभाविकरूपमा त्यसले एउटा भावी सरकार र दलीय समीकरणको चित्र दिनुपर्ने हो । प्रधानमन्त्रीका लागि संसदमा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसभित्र हानथाप सुरु भएको छ । हाम्रो त ठूलो हुनै नहुने । चुनावमा सँगै गएको वर्तमान सत्ता गठबन्धन अहिले के गर्ने हो, त्यसमा अस्पष्टता छ । भित्रभित्रै अंकगणित वा संख्याका आधारमा चलखेलहरु बढिरहेका छन् । एकातर्फ पुरानै वा वाम-लोकतान्त्रिक गठबन्धनको होहल्ला छ भने अर्कोतर्फ नयाँ वा बाम गठबन्धनको पनि चर्चा छ । नेपालको सत्ता समीकरणलाई विचार र मुद्दाको आधारमा पूर्वानुमान वा आकंलन गर्न सकिँदैन । समीकरण भागवण्डाको आधारमा बन्छ, विचार र मुद्दाको आधारमा होइन ।

आज भागवण्डा मिलेको छैन र सबै अन्योलमा छ । सरकार गठन अन्योलमा छ, प्रधानमन्त्री को बन्ने ? त्यो पनि अन्योलमा छ र संसदको आयू त्यो पनि अन्योलमा छ । चुनाव नसकिँदै मध्यावधि वा संसद विघटनको चर्चा चलेको छ । पहिलो कुरा कुनै एउटा दलभित्र बहुमत छैन र दोस्रो कुरा बहुमत पुऱ्याउने समीकरण स्पष्ट छैन । त्योभन्दा पनि महत्वपूर्ण कुरा त प्रत्येक दलभित्र एकता होइन विभाजन देखिन्छ । को सरकारमा जाने र को नजाने भन्ने विषयमा ठूला-ठूला गम्भीर विवाद र असन्तुष्टी अनि संघर्षहरु छन् । आजको दिनमा संसदीय दलहरु सबै दिशाबिहीन र यथास्थितिवादी छन् ।

दुर्भाग्यको कुरा आज सबै दलहरु मुद्दा वा एजेण्डाबिहीन छन् । राजनीतिक विश्लेषकहरुको तर्क छ कि संसदवादी दलहरुका मुद्दा, दृष्टिकोण र विचारधारा सकिए । उनीहरुको स्वतन्त्र पहिचान समाप्त भए । सबै एउटै डालामा घालमेल भए । माओवादी, एमाले अनि नेका सबै एकअर्कामा बिलिन भए । अब सुधार, परिवर्तन वा विकासका नारा लगाउने त रास्वपा र राप्रपा भए । अब प्रगतिशील एजेण्डा बोक्ने त रवी लामिछाने र राजेन्द्र लिङ्देन भए । यसको मूल कारण हो : संसदवाद र सत्ता लिप्सा । संसदवादले जन्माउने भनेकै सत्तालिप्सा, भ्रष्टीकरण र दलालीकरण हो । आजको राष्ट्रिय स्वार्थका लागि मुख्य चुनौति नै संसद बनेर उभियो । संसदीय सर्वोच्चता आजको संकटको मुख्य कारक बन्यो । आज देश गम्भीर राष्ट्रिय संकटमा जाँदैछ । राष्ट्रिय संकटका लागि दुईवटा संकट छन् : पहिलो हो राजनीतिक संकट र दोस्रो हो आर्थिक संकट । संसदीय व्यवस्था कायम राखेर यी संकटको हल गर्न सकिँदैन । संसदवादमा अग्रगामी चेतनाको मृत्यु मात्र हुँदो रहेछ ।

> *मुलुकमा चुनाव हुन्छ तर, त्यसले सधैँ अन्योलता मात्रै सिर्जना गर्दछ । चुनावले स्पष्ट दिशानिर्देश गर्नुपर्छ तर, लोकतन्त्र वा गणतन्त्रका नाममा हामीले सधैँ निराशा र सत्तालिप्सा मात्र खपत गऱ्यौं । यसको दोष नेतृत्वमा छ कि प्रणालीमा ? स्पष्ट छ, दोष दुवैमा छ र मुख्यरूपमा प्रणालीको छ ।*

संसदीय व्यवस्थाभित्र फरक विचारलाई सम्मान नै हुँदै रहेनछ । संसदीय चुनावमा प्रतिस्पर्धा पनि लोकतान्त्रिक हुन सक्दो रहेनछ । संसदीय अभ्यासभित्र लोकतान्त्रिक चरित्रको निर्माण हुन पनि नसक्दो रहेछ । पूँजीवादी लोकतन्त्रको पनि सबैभन्दा विकृत व्यवस्थाका रूपमा संसदीय व्यवस्था चिनिएको रहेछ । थुप्रै पूँजीवादी विश्लेषकहरुको विचार रहेछ कि संसदवाद एउटा पुरानो, मिति सकिएको र अनुत्तरदायी व्यवस्था हो । समय, परिवर्तन र युग सुहाउँदो व्यवस्थाका रूपमा यो व्यवस्थाको अभ्यास गर्न असम्भव छ । हाम्रो देशको दुर्भाग्य नै संसदीय व्यवस्था बन्यो । सामान्य भ्रष्टाचार नियन्त्रण, सुव्यवस्था र स्थीरता कायम गर्न पनि यो व्यवस्था असफल बन्यो ।

### संकट बढाउने व्यवस्था

हामीसँग संसदीय अभ्यासको लामो अनुभव छ । समस्याहरुको समाधान खोज्ने होइन कि थुपार्ने अभ्यास छ । संकटहरुको समाधान खोज्ने होइन कि त्यसलाई थुपार्ने चिन्तन हाबी भएको छ । विकृति र विसंगतिहरुलाई हटाउने होइन कि त्यसलाई नजिर बनाउने हाम्रो मनोविज्ञान बनिसकेको छ । सांसद खरिद-बिक्री, अपहरण, अध्यादेशबाट दल विभाजन र बहुमतका लागि जे गरेपनि जायज हुने अनौठो संस्कृति बनेको छ । संसदीय व्यवस्थाभित्र समयानुकुल विकासको सम्भावना नै छैन । एउटा उच्च राजनैतिक संस्कारको विकास गर्ने सोंच नै आउन सकेन । जनतालाई राहत दिन कुनै दृष्टिकोण बन्न सकेन । हुँदा हुँदा विपी कोइरालाको प्रजातान्त्रिक समाजवाद, मदन भण्डारीको बहुदलीय जनवाद र प्रचण्डको जनयुद्ध पनि त्यहाँ गएपछि पतन भयो । सबै राम्रा र सुन्दर चीजलाई बिगार्ने र पथभ्रष्ट गराउने काम संसदीय व्यवस्थाले गऱ्यो ।

संसदीय व्यवस्थाको एउटै मात्र सुन्दरता छ, त्यो हो : धेरै प्रधानमन्त्री र मन्त्री जन्माउने । धेरै जनतालाई प्रधानमन्त्री र मन्त्री बनाउनु छ भने संसदीय व्यवस्थालाई रोज्नु । दलहरुलाई विभाजित गर्नु छ र नेताहरुलाई कुर्चीका लागि लडाएर बदनाम गर्नु छ भने यो व्यवस्थालाई रोज्नु । समस्याहरु, विकृतिहरु र दुर्गन्धहरु सर्वत्र छन् तर, समाधान छैन । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सर्वत्र दुर्गन्धहरु मात्र छन् । एउटा पनि संस्था अविवादित र स्वतन्त्र छैन । सुरु सुरुमा दमननाथ ढुंगानाहरु जस्ता सभामुख हुन्थे तर , अहिले त त्यस्तो सम्भावना नै छैन ।

### नैतिकताबिहीन राजनीति

राजनीतिक अनैतिकताको विकास गर्नु छ भने संसदीय व्यवस्था रोज्नु । आजकल नैतिकताको आधारमा राजीनामा दिने त एउटा पनि समाचार सुनिँदैन । कारण के हो भने कोही पनि नैतिक छैनन् । राजनीतिमा नैतिकता, आदर्श र त्यागको कुनै मूल्य छैन बरु उल्टो अबमूल्यन मात्र छ । यो दोष नेतृत्वको हो कि व्यवस्थाको ? दोष त नेतृत्वको पनि हो तर, मुख्यरूपमा व्यवस्थाको हो । व्यवस्था वा प्रणालीले नेताहरु वा व्यक्तिलाई त्यसै छाडा छाड्नु हुँदैन, उसलाई जिम्मेवारी र मार्गदर्शनले थिच्नुपर्छ । एउटा पारदर्शी बाटो दिन सक्नुपर्छ । जब राजनीतिमा नैतिकता हुँदैन तब समाजमा कहाँबाट हुनु ? राजनीतिको प्रभाव घर-घरमा व्यक्ति-व्यक्तिमा हुन्छ ।

### भ्रष्टाचार संस्थागत गर्ने व्यवस्था

भ्रष्टाचारलाई संस्थागत र वैधता प्रदान गर्नु छ भने संसदीय व्यवस्था रोज्नु । पञ्चायत कालमा भ्रष्टाचार भन्नासाथ अपराध र घृणा भन्ने बुझिन्थ्यो । भ्रष्टाचारका आरोपीहरु समाजमा बस्नै सक्दैन्थे । अहिले त भ्रष्टहरु राजा महाराजा जस्तै सम्मानित हुन्छन् । हुँदाहुँदा आजभोली भ्रष्टाचारको आरोपमा कारबाही हुन नै छाड्यो । देश भ्रष्टाचारले डुबेको छ तर, कोही पनि भ्रष्टाचार गरेको आरोपमा जेल जाँदैन । भ्रष्टाचारीलाई पुरस्कृत गर्नु छ भने संसदीय व्यवस्थालाई अंगीकार गर्नु । प्रश्न एउटै छ : भ्रष्टाचार मुक्त क्षेत्र कुन छ ? एउटै पनि क्षेत्र छैन जहाँ भ्रष्टाचारलाई नियन्त्रण गरिएको होस् । भ्रष्टाचारले देश आक्रान्त छ तर, भ्रष्टाचारी कोही पनि छैन, यसको अर्थ के हो ? यसको अर्थ हो : नेतृत्व र व्यवस्था सबै भ्रष्टीकरणको शिकार बन्यो । संसदीय व्यवस्थाको यो दुरावस्थाको अन्त्य गर्ने एउटै मात्र विधि छ, त्यो हो : संसदीय व्यवस्थाको अन्त्य ।

*(लेखक पन्त नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका नेता हुन् ।)*

## सामाजिक सञ्जाल



**- मानवी पौडेल**

निर्वाचनमा जनताले प्रायजसो ठाउँमा नयाँ र सक्षम उम्मेदवार जिताएर संसदमा पुऱ्याए । राजनीतिमा युवा र सक्षम व्यक्ति भाषणमा मात्र होइन, दलहरूभित्र अभ्यास जरूरी छ । यतिखेर कांग्रेसभित्रै सुरू हुन खोजेको सो अभ्यासमा देउवाले उमेदवारी फिर्ता लिई गगनलाई अगाडि सार्दा समग्र कांग्रेसको जीत हुनेछ ।



**- हरिकृष्ण शाक्य**

एकजना हरूवा नेता भन्दै थिए देशको आवश्यकता भने राष्ट्रपति हुन पछि पर्दिन । यो देशको भविष्य कसरी बन्ला ? रोगी बुढौली लागेकाहरूको हातमा शासन, यो देशको दुर्भाग्य नै भन्नुपर्छ । २००७ सालको क्रान्तिपछि मोहन शमशेर नै प्रधानमन्त्री भए । मातृका, बी.पी. गिरिजा, सुशीलको वंशको शासन चल्यो । अहिले देउवा मरे छोड्ने पक्षमा छैन ।



**- विष्णु सापकोटा**

कांग्रेसको सुन्दर पक्षः दुवै प्रतिस्पर्धी समूहका सबै हाँसीखुशी देखिए मनोनयन गर्दा । देउवाको ठाउँमा कम्युनिस्टका ओली वा प्रचण्ड भएको भए आफ्नाविरूद्ध घेराबन्दी भयो, विदेशी षड्यन्त्र के-के भइरहेको छ भन्थे । कुरूप पक्षः आज राति देउवाले धेरै लोभीपापी सांसदलाई पद-प्रलोभन बाँड्ने छन् ।



**- लोचन आचार्य**

डा. शेखर कोइरालासँग एउटा विचार समूहको आड थियो । गगन थापालाई समर्थन गरेर उनले अब नैतिक शक्ति पनि आर्जन गरेका छन् । गणितीय र ज्योतिषीय विश्लेषणले देउवा अगाडी छन् तर, आजको यो कदमले कांग्रेसको राजनीतिमा गहिरो प्रभाव पार्ने छ ।



**- बिराट अनुपम**

२०५१ मा केन्द्रीय सदस्य मात्रै हुँदा देउवाले गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई हुँदै गणेशमान सिंह सबैलाई मनाएर सर्वसम्मत संसदीय दलको नेता बने । आज महामन्त्री हुँदा पनि गगनले देउवा इतर समूहका सबैलाई मिलाउन हम्मेहम्मे छ । चर्चा कम भए पनि २०७९ का गगनभन्दा २०५१ का देउवा कडा ।

# व्यवस्थामाथि प्रश्न

विचार



● अनिल योगी

> *देश कमजोर भयो, भ्रष्टाचार भयो, बाह्य हस्तक्षेप बढ्यो, दलका नेताहरूले सत्तामा बस्नका लागि देशको अहित हुने गरी विदेशीसँग असमान सन्धी सम्झौता गर्ने काम गरे, आदि इत्यादी विषय दिनहुँ उठाइन्छन् तर, यस्तो हुनुको मुल कारण के हो ? यो विषय ठोसरूपमा उठाउने र रोक्नका लागि उपाय सुझाउने वैचारिक बहस भने कहिल्यै पनि हुन सकेन ।*

सिद्धान्तहिन राजनीतिक दलहरु र भ्रष्ट राजनीतिक प्रणालीले सिर्जना गरेका तमाम समस्याको दलदलमा आज देश फसेको छ । यी तमाम समस्याको समाधान चुनाव थियो त ? पक्कै पनि थिएन । यो प्रणालीमाथि पुनर्विचार गर्नुपर्ने हो भन्ने बारेमा हिम्मतका साथ बहस चलाउने नैतिक बल र राजनीतिक चिन्तन र चेतनाको नेपालमा खडेरी नै परेको छ ।

विदेशीका डिजाइनमा लादिएको संविधान, धर्मनिरपेक्षता र संघीयताले देशको अस्तित्व धरापमा मात्र परेको छैन, भोलिको नेपाल रहन्छ कि रहँदैन भन्ने डरलाग्दो अवस्था पनि सिर्जना गराएको छ । विदेशीले दिने आर्थिक सहयोग वा अनुदान र मद्दतका आधारमा हुने र गराइने चुनावले देशलाई बलियो बनाउँछ कि कमजोर भन्ने विषयमा नेपालमा कहिल्यै पनि बहस भएन र हुने पनि छैन । किन कि अरुका विचारमा चल्ने शासक र चलाइने दुनियाँ संसारमा यस्तै हुने गर्दछ ।

विदेशीसँग असमान सन्धी सम्झौता गर्न बाध्य हुने सत्ता र राजनीतिक प्रणाली हाम्रो हितमा छैन भन्न पनि नसकिने अवस्था छ । "भोट हालौं, चुनाव गरौं र देश स्वर्ग हुन्छ" भन्नुपर्ने दशा लागेको छ नेपालीको । देशको रक्षाको प्रश्न उठाउनु निकै ठूलो मूल्य चुक्ता गर्नुपर्ने अवस्था छ नेपालमा । हाम्रो आफ्नै विवेक र विचारका बलमा देश सञ्चालन गर्न हामी किन सक्दैनौं ? यो प्रश्न उठाउनु भनेको लोकतन्त्रको विरुद्ध बोल्नु हो भन्ने अर्थ लगाइँदै आएको छ । जुन तर्कले राष्ट्रलाई सनैसनै मार्दैछ र नेपालीको भविश्यलाई थप संकट तर्फ धकेल्ने काम गर्दैछ । त्यही तर्क बलशाली हुँदैछ ।

२०४६ सालपछि देशभित्र युद्ध निम्त्याउने राजनीतिक प्रणालीलाई कायम राखेर जनतालाई चुनावमा सहभागी गराउँदै बारम्बार देश लुट्नु बेइमानी हो कि होइन ? यो प्रश्न आवेशमा आएर उठाएको होइन । बाबुराम र प्रचण्डहरुले यही संसदीय प्रणालीको विरुद्ध युद्ध गरेर ठूलो बलिदानी दिएको होइन ?

चुनाव भयो, के अब बढ्दो भ्रष्टाचार निर्मूल हुन्छ कि बढ्छ ? यो व्यवस्थाले राष्ट्र र नेपाली जातिलाई सुरक्षित राख्न सक्छ भन्ने ग्यारेन्टी कसैले गर्न सक्छ ? यो प्रश्न त झनै धेरैलाई सुनी सक्नु नहुन सक्छ । किन कि यहाँ आफ्नो विचारमा अगाडि बढ्न सक्ने र आफ्नो देशलाई आफ्नै विवेकका बलमा हाक्न सक्छौं भन्ने राजनीतिक चेतना र चिन्तनको अभाव छ ।

देश कमजोर भयो, भ्रष्टाचार भयो, बाह्य हस्तक्षेप बढ्यो, दलका नेताहरुले सत्तामा बस्नका लागि देशको अहित हुने गरी विदेशीसँग असमान सन्धी सम्झौता गर्ने काम गरे, आदि इत्यादी विषय दिनहुँ उठाइन्छन् तर, यस्तो हुनुको मुल कारण के हो ? यो विषय ठोसरूपमा उठाउने र रोक्नका लागि उपाय सुझाउने वैचारिक बहस कहिले पनि हुन सकेन ।

देशको आयु कुनै शासक वा राजनीतिक दलको भविष्यसँग जोड्ने विषय होइन । देशको आयु लम्ब्याउने हक सबैलाई हुन्छ तर, छोट्याउने अधिकार कसैलाई पनि हुँदैन । नेपालका नेताहरुले देशको आयु र जनताको जीवनको आयुलाई समेत छोट्याउने गम्भीर अपराध गर्दै आएका छन् ।

आफ्नो देशलाई बाह्य शक्ति राष्ट्रको खेल मैदान बनाउने, जनतालाई विभाजन गर्दै राष्ट्रियता र सामाजिक एकतालाई बिथोल्ने जस्ता काम राजनीतिक दलहरुबाट नै हुँदै आएका छन् ।

सबैलाई हेक्का रहोस् । हामी सत्यको मार्गमा हिँड्नका लागि, अक्षम भएका हौं भने देश यात बाह्य युद्धको चपेटामा पर्छ यात आन्तरिक गृहयुद्धको दलदलमा पुनः फस्न सक्छ । यसतर्फ सचेत नेपालीले चनाखो हुँदै विचार प्रवाह गर्नुपर्छ ।

*(लेखक योगी पत्रकारितामा सक्रिय छन् हुन् ।)*

## तपाईको राशिफल

- **मेष** : स्थानान्तरण हुने योग छ । धार्मिक कार्यहरूमा रूची बढ्नेछ ।
- **वृष** : शुभ सन्देश प्राप्त हुन्छ । सन्तुलित आहार लिन राम्रो हुन्छ ।
- **मिथुन** : स्वास्थ्यसम्बन्धी सावधानी जरूरी छ । मांगलिक कार्य हुने योग छ ।
- **कर्कट** : पारिवारिक तनावको योग छ । नयाँ मान्छेसँग भेट हुनेछ ।
- **सिंह** : प्रतिष्ठामा वृद्धि हुनेछ । साथीभाइ बीच सुमधुर सम्बन्ध बनिरहनेछ ।
- **कन्या** : भाग्यमा वृद्धि हुन्छ । अनावश्यक कामना गर्नु हुँदैन ।
- **तुला** : राजनैतिक कार्य सफल हुन्छ । खर्चमाथि नियन्त्रण राख्नुपर्छ ।
- **वृश्चिक** : शत्रु कमजोर हुन्छन् । जनसम्पर्कमा वृद्धि हुन्छ ।
- **धनु** : नयाँ सोचअनुसार काम हुनेछ । आयमा वृद्धि हुनेछ ।
- **मकर** : दैनिक जीवन सुखी रहनेछ । स्वास्थ्यमाथि ध्यान दिनुस् ।
- **कुम्भ** : अनावश्यक यात्रा गर्नु हुँदैन । विधार्थीहरूको लागि राम्रो समय छ ।
- **मीन** : नौलो कार्य प्रारम्भ हुने देखिन्छ । कृषिजन्य कार्यबाट लाभ हुने देखिन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

## सिन्धुपाल्चोक डायरी

देवराज सुवेदी/मध्यान्ह

# फरक क्षमता भएका विद्यार्थीहरुसँग जन्मदिन



नेपाल बैंक लिमिटेड मेलम्ची शाखाका प्रबन्धक रोशन तिवारीले आफ्नो जन्मदिन फरक क्षमता भएका विद्यार्थीहरुसँग बताएका छन् । मंगलबार आफ्नो जन्मदिनको अवसरमा मेलम्चीस्थित इन्द्रेश्वरी माध्यमिक विद्यालयका फरक क्षमता भएका विद्यार्थीहरुसँग जन्मदिन बनाएका हुन् ।

सो अवसरमा तिवारीले विद्यार्थीहरुको लागि आवश्यक केहि सामाग्रीहरु समेत विद्यालयलाई प्रदान गरे । फरक क्षमता भएका विद्यार्थीहरुसँग जन्मदिन मनाउन पाउँदा आफुलाई निकै खुसी लागेको र आगामी दिनमा पनि आफुले सकेको सहयोग गर्ने उनले बताए । विद्यालयका प्रधानाध्यापक देवी श्रेष्ठले जन्मदिनको अवसर पारेर विद्यालयमा सहयोग गरेकोमा तिवारीलाई जन्म दिनको शुभकामनासहित धन्यवाद ब्यक्त गरिन् । बौद्धिक अपांगता स्रोत कक्षामा अहिले २३ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

# सञ्चारकर्मीहरुका लागि अभिमुखीकरण

सञ्चारकर्मीहरुका लागि बहुप्रकोपीय पूर्वसूचना प्रणाली तथा प्रभावमा आधारित पूर्वानुमानसम्बन्धि अभिमुखीकरण कार्यक्रम मेलम्चीमा सम्पन्न भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र मेलम्ची नगरपालिकाको संयुक्त आयोजना तथा रिजनल इन्टिग्रेटेड मल्टी हाजार्ड अर्ली वार्निङ सिस्टम (राइम्ज)को प्राविधिक सहयोगमा सो कार्यक्रम भएको हो ।

अभिमुखीकरण कार्यक्रममा प्राधिकरणका उपसचिव राजेन्द्र शर्माले प्रभावमा आधारित पूर्वसूचना प्रणाली तथा पूर्वकार्यका बारेमा सहभागीहरुलाई स्पष्ट पारे । त्यसैगरी शाखा अधिकृत जितेन्द्र अधिकारीले विपद्का विविध पक्षबारे जानकारी दिए । जल तथा मौसम विज्ञान विभागका उपसचिव शान्ति कँडेलले प्रभावमा आधारित पूर्वानुमान प्रणालीबाट आमसमुदायले फाइदा लिन सक्ने बताए ।

उनले महाशाखाको जानकारीका आधारमा किसान समुदायले पनि लाभ लिन सक्ने जानकारी दिए । विभागकै मौसम भण्डारीले बाढीपहिरोको पूर्वानुमानका विषयमा जानकारी दिए ।

सञ्चारकर्मी जगदीश खरेलले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा पत्रकारको भूमिकाका विषयमा प्रकाश पारेका थिए ।

स्थानीय तह तथा विषयगत संघसंस्थाले स्थानीय मिडिया तथा सञ्चारकर्मीहरुसँग सहकार्य गर्नुपर्नेमा जोड दिए । मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत धितालले विपद् न्यूनीकरण तथा व्यवस्थापनका सवालमा नगरले गरेका कामका बारेमा जानकारी दिँदै सञ्चारकर्मीहरुसँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताए । राइम्जका सुशान्त शर्माले सञ्चार माध्यमसँग सहकार्य गरी अघि बढ्ने बताए । नगरका वातावरण अधिकृत सुजन दुलालले आगामी दिनमा पनि सञ्चारकर्मीहरुका लागि प्रभावकारी कार्यक्रम ल्याई यस क्षेत्रको जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सहकार्य गर्ने बताए । पत्रकार बालचन्द्र सापकोटाले यस्ता कार्यक्रमले पत्रकारहरुको क्षमता वृद्धि भई विपद्का बेला रिपोटिङ गर्न सहज हुने प्रतिक्रिया दिए ।

**कुमारी बैंक लिमिटड, शाखा कार्यालय ड्राइभरटोलको तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना ।**

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय ड्राइभरटोलबाट तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नू बुझाउनूपर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित सूचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असूल उपर गरिनूका साथै **कर्जा सुचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसुचिमा** नाम समावेश गरिने व्यहोरा यसै सुचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**१. ऋणीको विवरण:**



मेग बहादुर गुरुङ्ग/इनति गुरुङको नाति, सुरेन्द्र प्रसाद गुरुङ्ग/मजा भन्ने कुमारी मायाँ गुरुङको छोरा, स्याङ्जा जिल्ला, मनकामना गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा.न.पा. वडा नं. ०७ बस्ने **चन्द्र गुरुङ्ग** (ना.प्र.नं. ४२२०१४/३७१७५, जारी मिति २०६६/०३/२८, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**



१. मिन राज गुरुङ/खैसेरी गुरुङको नाति, मेग बहादुर गुरुङ्ग/इनति गुरुङको छोरा, मजा भन्ने कुमारी मायाँ गुरुङको पति, स्याङ्जा जिल्ला, मनकामना गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा.न.पा. वडा नं. ०७ बस्ने **सुरेन्द्र प्रसाद गुरुङ्ग** (ना.प्र.नं. ६८७, जारी मिति २०४६/१०/०४, जिल्ला प्रशासन कार्यालय स्याङ्जा)



२. मेग बहादुर गुरुङ्ग/इनति गुरुङको नातिनी, सुरेन्द्र प्रसाद गुरुङ्ग/मजा भन्ने कुमारी मायाँ गुरुङको छोरी, स्याङ्जा जिल्ला, मनकामना गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ०७ बस्ने **कल्पना गुरुङ्ग** (ना.प्र.नं. ४२ २०१४/२७८, जारी मिति २०६८/०१/०२, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।



३. हिरा बहादुर गुरुङ/धन माया गुरुङको छोरी, मेग बहादुर गुरुङ्ग/इनति गुरुङको बुहारी, सुरेन्द्र प्रसाद गुरुङको पत्नी, स्याङ्जा जिल्ला, मनकामना गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा.न.पा. वडा नं. ०७ बस्ने **मजा भन्ने कुमारी मायाँ गुरुङ्ग** (ना.प्र.नं. ९०६८, जारी मिति २०४६/१०/०९, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

**धितो सुरक्षणको विवरण**

**कल्पना गुरुङ्गको** नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. /न.पा. वडा नं. ४ स्थित कित्ता नं. १६८१ र १६८७ को क्षे.फ. क्रमश: ०-०-१३.५-० र ०-०-१४.७५-० (विगाहा) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**२. ऋणीको विवरण:**





पृथ्वी बहादुर सिंहको नाति, लाल बहादुर सिंह/सरस्वती सिंहको छोरा, चन्द्र कुमारी सेनको पति, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ०१ (साविक आनन्दवन गा.वि.स. वडा नं.०२) बस्ने **देव बहादुर सिंह** (ना.प्र.नं. ५६४३०, जारी मिति २०३७/०२/२१, जिल्ला प्रशासन कार्यालय रुपन्देही)...१ र लाल बहादुर सिंह/सरस्वती सिंहको नाति, देव बहादुर सिंह/चन्द्र कुमारी सेनको छोरा, तुल्सी कुमारी सेनको पति, रुपन्देही जिल्ला तिलोत्तमा न.पा, वडा नं. ०१ (साविक शंकरनगर गा.वि.स. वडा नं.०५) बस्ने **केशर बहादुर सेन** (ना.प्र.नं. ३/२२१४, जारी मिति २०४६/०२/३०, जिल्ला प्रशासन कार्यालय रुपन्देही)...१ समेत जम्मा जना...२

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**



१. देव बहादुर सिंह/चन्द्र कुमारी सेनको नाति, केशर बहादुर सेन/तुल्सी कुमारी सेनको छोरा, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ०१ बस्ने **मानव सेन** (ना.प्र.नं. ३७-०२-७५-०८३२८, जारी मिति २०७५/१२/१२, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।



२. देव बहादुर सिंह/चन्द्र कुमारी सेनको नाति, केशर बहादुर सेन/तुल्सी कुमारी सेनको छोरा, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा , वडा नं. ०१ बस्ने **मनोज सेन** (ना.प्र.नं. ३७२०१३/६६७५०, जारी मिति २०६८/०१/२०, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।



३. हुम बहादुर सेनको नातिनी, दिल बहादुर सेन/चित्र कुमारी सेनको छोरी, देव बहादुर सिंह/चन्द्र कुमारी सेनको बुहारी, केशर बहादुर सेनको पत्नी, पाल्पा जिल्ला, दछी गा.पा., वडा नं.०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा, वडा नं.०१ बस्ने **तुल्सी कुमारी सेन** (ना.प्र.नं. ९८, जारी मिति २०४६/१०/१८, जिल्ला प्रशासन कार्यालय पाल्पा) ।

**धितो सुरक्षणको विवरण**

**देव बहादुर सिंहको** नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. २२८६ को क्षे.फ. ०-०-९ (विगाहा) जग्गा तथा साको सम्पुर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय ड्राइभरटोल, फोन नं. ०७१-४१४३५०**

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
जनकपुर शाखा, जनकपुर उप-महानगरपालिका, धनुषा
सम्पर्क फोन: +९७७-०४१-५९०५७०/७१

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री कृष्ण लाल कर्णको नाति, शुभनारायण लाल कर्णको छोरा, मधेश प्रदेश महोत्तरी जिल्ला, मझौरा विसनपुर वडा नं. १ स्थायी ठेगाना भई हाल मटिहानी नगरपालिका वडा नं. ०४ बस्ने वर्ष ६१ को श्री सुरेन्द्र लाल कर्णको मिति २०७७/०९/२८ (ई.सं १२/०१/२०२१) मा मृत्यु भएकोले स्व. सुरेन्द्र लाल कर्णकी पत्नी हाल मटिहानी नगरपालिका वडा नं. ०४ बस्ने श्रीमती देवकला देवीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जनकपुर शाखा, जनकपुर उप-महानगर पालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

ISO 9001 Certified Bank
CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
लेकसाइड शाखा, पोखरा महानगरपालिका, पोखरा
सम्पर्क फोन: +९७७-०६१-४५७३९०/९१

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री देव प्रसाद श्रेष्ठको नाति, बालकृष्ण श्रेष्ठको छोरा, लुम्बिनी प्रदेश प्युठान जिल्ला, झिमरुक गा.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ३८ वर्षको श्री कमल श्रेष्ठको मिति २०७८/०६/२४ (ई.सं. १०/१०/२०२१) मा मृत्यु भएकोले स्व. कमल श्रेष्ठकी पत्नी हाल झिमरुक गा.पा. वडा नं. ६ बस्ने श्रीमती बिमला श्रेष्ठले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको लेकसाइड शाखा, पोखरा महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

ISO 9001 Certified Bank
CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

## बैदेशिक रोजगार | 1. SERVE U (L.L.C.), UAE

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७७/११/२५ चलानी नं. ६०१५५१८७ LT No. : 236918

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 48 | 4 | काममा दक्ष | 1800 | ६४,७८७।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Male Life Guard | 45 | 0 | | 1200 | ४३,१९१।- | | | | | | | |
| ३. | Cleaner | 300 | 100 | | 800 | २८,७९४।- | | | | | | | |

### 2. Mynews Ryoyupan Sdn. Bhd., Malaysia

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०३/०२ चलानी नं. ६०१८११११ LT No. 264952

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 58 | काममा दक्ष | 1500 | ४४,७२३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ पुष १३ गते (28 Dec, 2022) यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम ईजाजत न.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८,
मो. नं. ९८२३५११११०६, ९८१८०६००५७, ९८१८५१०५३३

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी: AIR CORPORATION FOR THE PROVISION OF BEHERAGES शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०९/०४ चलानी नं.: ६०१९३५२८ L.T. No.: 277948

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,१०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

